**मिति २०८२/०४/२६ गतेको कार्यपालिका निर्णयहरु**

| क्र. श. | प्रस्ताव | निर्णयहरु |
|---|---|---|
| १ | समिक्षा सम्बन्धमा | आ.व २०८१/०८२ मा सम्पन्न भएका योजनाहरुको कार्यान्वायनको वार्षिक प्रगति लगायत अन्य समसामयिक विभिन्न विषयमा वडागत समीक्षा गरियो। |
| २ | योजना तथा कार्यक्रम कार्यान्वायन सम्बन्धमा। | आ.व २०८१/०८२ को स्वीकृत योजना तथा कार्यक्रम निम्नबमोजिम कार्यान्वायन गर्ने निर्णय गरियो।<br>आयोजनाहरुको ठेक्का आह्वान - २०८२ भाद्र भित्र<br>उपभोक्ता समिति गठन(सबै आयोजना) - २०८२ भाद्र भित्र<br>सबैखाले योजना सम्झौता - २०८२ असोज भित्र<br>योजना सम्पन्न तथा भुक्तानी - २०८२ जेठ भित्र |
| ३ | कार्यसम्पादन करार सम्बन्धमा। | गाउँपालिकाको सेवा प्रवाहलाई नियमित, गुणस्तरीय, पारदर्शिता, जवाफदेहिता तथा मूल्याङ्कन प्रणालीसहित प्रभावकारी बनाउने उद्देश्यले कार्यसम्पादन करार सम्पादन गरियो। |
| ४ | न्यायिक सहजकर्ता माग तथा प्रतिबद्धता सम्बन्धमा। | यस गाउँपालिकामा स्थानीय न्यायिक सहजकर्ताको आवश्यकता भएकोले सोको माग गर्ने निर्णय गरियो। |
| ५ | स्थानीय दररेट निर्धारण सम्बन्धमा। | स्थानीय दररेट निर्धारण समितिले पेश गरेको दररेट स्वीकृत गरी कार्यान्वायन गर्ने निर्णय गरियो। |
| ६ | कर संकलन (घुम्ती व्यवसाय/काठ/दाउरा/ढुङ्गा/गिटी/बालुवा) सम्बन्धमा। | कर संकलन प्रभावकारी बनाउन कडाइका साथ असुली र कर छलीमा कानुनी कारबाही गर्ने निर्णय गरियो। |
| ७ | "खर्च सञ्चालन कार्यविधी २०८२" सम्बन्धमा। | **"खर्च सञ्चालन कार्यविधी २०८२"** माथि विस्तृत रुपमा अध्ययन गरि राय सुझाव सहित आगामी कार्यपालिका बैठकमा पेश गर्ने सर्वसम्मत निर्णय गरियो। |
| ८ | घुम्ती शिविर(व्यवसाय दर्ता/नविकरण) सम्बन्धमा। | व्यवसाय दर्ता र नवीकरण सहज बनाउन कार्यदल गठन गरी वडा नं १–४ मा शिविर सञ्चालन गर्ने निर्णय गरियो। |
| ९ | भेरियसन अर्डर(VO) सम्बन्धमा। | १५ शैय्या अस्पतालको भेरियसन अर्डर(VO) अनुरुप सृजना हुन आउने थप रकम, स्वास्थ्य मन्त्रालयमा माग गर्ने निर्णय गरियो। |
| १० | बजार अनुगमन सम्बन्धमा। | अवैध, अखाद्य र स्वास्थ्यका लागि हानिकारक सामग्री बिक्री नियन्त्रण गर्न उपाध्यक्ष नेतृत्वमा सम्बन्धित पक्षको टोली बनाएर बजार अनुगमन गर्ने निर्णय गरियो। |

| | | |
|---|---|---|
| ११ | विविध। | क) वर्गीकरण छुट भएको कित्ता जग्गा सम्बन्धित वडा सिफारिस अनुसार भू-उपयोग क्षेत्र वर्गीकरण गर्ने निर्णय गरियो।<br>ख) साविकझैं चालू आ.व. मा पनि सूचना अधिकारीलाई सञ्चार सुविधा उपलब्ध गराउने निर्णय गरियो। |